श्री ५ को सरकार

## अर्थ मन्त्रालयको

## सूचना

श्री ५ को सरकारले अन्तःशुल्क ऐन, २०१५ को दफा ३ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी यो आदेश जारी गरेको छ ।

नेपाल अधिराज्यभित्रका मील, फ्याक्ट्री, कारखानामा उत्पादन वा तयार भएका मालवस्तु या पदार्थहरूमा आजैका मितिदेखि देहायबमोजिम अन्तःशुल्क लगाइने र असूल उपर गरिनेछ ।

अन्तःशुल्क दरबन्दी

| क्र.सं. | संकेत नम्बर | माल वस्तु वा पदार्थको नाम | इकाई | अन्तःशुल्क दर |
|---|---|---|---|---|
| १. | ०२–१ | वियर | प्रति लिटर | रू.८।५० |
| २. | ०३–२ | बिडी (सूर्तिबाट तयार भएको सबै प्रकारको बिडी) | प्रति हजार खिल्ली | रू. ६।– |
| ३. | ०९–१ | चिरान काठ (स-मीलबाट चिरान भएको) | प्रति घनफुट | रू. ३।– |
| ४. | १०–१ | (क) स्टेनलेस स्टीलका टुक्रा टाक्री (स्क्रेप) पगाली बनाउने ढलौटे भाँडाकुँडा तथा कटलरी | प्रति कि. ग्रा. | रू. १०।– |
| ५. | १०–२ | (क) फलामको छड, डण्डी, पाता र स्ट्रीप | प्रति कि. ग्रा. | रू. –।२० |
| ६. | १३–२ | ईंट (चिम्नी भट्टाबाट उत्पादित) (क) विद्युत शक्तिको प्रयोग गरी मेशीनबाट बनाएको ईंट | प्रति हजार | रू. ५।– |
| | | (ख) विद्युत शक्तिको प्रयोग नगरी बनाएको ईंटमा समदरको आधारमा प्रति एक चिम्नीको (चिम्नी प्रयोग नगरी ठाडो अवालबाट पोलेको ईंटमा अन्तः शुल्क लाग्नेछैन) | वार्षिक | रू. ४५००।– |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

262

| | | | | |
|---|---|---|---|---|
| ७. | १८–१ | जडान (एसेम्बुलिङ) गर्ने उद्योग | | |
| | | (क) रेडियो, ट्रान्जीष्टर (रू. ६०० सम्म मोल पर्ने) | मोल प्रतिशत | ३% |
| | | (ख) रेडियो, ट्रान्जीष्टर (रू. ६०० भन्दा बढी मोल पर्ने) | मोल प्रतिशत | ५% |
| | | (ग) टेपरेकर्डर, ट्रान्जीष्टर, रेकर्ड प्लेयर जस्ता दुई वा सोभन्दा बढी प्रयोजनको काम दिने गरी बनाइएको टू अथवा थ्री इन वन | " " | १५% |
| | | (घ) टेप रेकर्डर, केसेट प्लेयर | " " | १०% |
| | | (ङ) केसेट टेप (६० मिनेट-सम्मको)– | प्रति केसेट | रू. ।५० |
| | | (६० मिनेटभन्दा बढी समयको) | " " | रू. ।६० |
| | | (च) विद्युतबाट संचालन हुने कूकर, टोष्टर, हेयर ड्रायर, कोठा तताउने हिटर तथा कैलकुलेटर | मोल प्रतिशत | २% |
| | | (छ) सबै प्रकारको घडी जसले समय बताउने काम गर्दछ | " " | ३% |
| ८. | ०१–२ | मैदा | प्रति कि. ग्रा. | रू. –। ३ |

द्रष्टव्य:–

(१) दुर्गम क्षेत्रमा स्थापना भएका अन्तःशुल्क लाग्ने वस्तु उत्पादन गर्ने उद्योग-हरूलाई ती उद्योगले दरबन्दी अनुसार तिर्नु पर्ने अन्तःशुल्कमा १० प्रतिशत रिहाई दिइनेछ ।

यस प्रयोजनको लागि दुर्गम क्षेत्र भन्नाले देहायका जिल्लाहरूलाई मानिनेछः–

हुम्ला, मुगु, जुम्ला, कालिकोट, डोल्पा, मुस्ताङ, मनांग, रसुवा, सोलुखुम्बु, ताप्लेजुङ, संखुवासभा, दार्चुला, बाजुरा, बझाङ, बाग्लुङ, पर्वत, म्याग्दी र अछाम ।

(२) समदरको आधारमा वार्षिक अन्तःशुल्क बुझाउने मील तथा कारखानाहरूले तोकिएको म्यादभित्रै आफूले बुझाउनु पर्ने पूरै अन्तःशुल्क रकम बुझाएमा त्यस्तो रकमको २% छूट दिइनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
262

(३) विभिन्न पेय पदार्थ (मादक पदार्थ युक्त वा रहित), चुरोट, बिडी, खयर (कत्था), मदिरा, चामल, तेल, खाँडसारी, चिरानकाठ, ईट, स्टेनलेस स्टिलका भाँडा कुँडा र कटलरी, विद्युत संचालित सेयरिङ अथवा वेण्डिङ मेशिन प्रयोग गरी फलाम वा स्टिलको फर्निचर तयार पार्ने, रेडियो, ट्रान्जीष्टर, घडी, टेपरेकर्डर, केसेट प्लेयर, कैलकुलेटर, विद्युतबाट चल्ने हिटर, हेयर ड्रायर, टोष्टर मिक्सर, जूसर, कूकर, कैसेटटेप जडान गर्ने, जीप फास्नर बनाउने, हीरा कटिङ गर्ने उद्योगहरू बाहेक अरू ग्रामीण तथा घरेलु उद्योगबाट तयार हुने सबै किसिमका वस्तुमा अन्तःशुल्क लाग्ने छैन ।

(४) माथि उल्लेख गरिएको बाहेक अरु वस्तुहरूको अन्तःशुल्क दर आर्थिक वर्ष २०३७।३८ बमोजिम लगाइने र असूल उपर गरिनेछ ।

आज्ञाले–
जितेन्द्रलाल मास्के
श्री ५ को सरकारको का. मु. सचिव

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।